# वुढीनन्दा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

## विनियोजन विधेयक २०७५

वुढीनन्दा नगरपालिका

कोल्टी,बाजुरा

**बुढीनन्दा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

बुढीनन्दा नगरसभा बाट स्वीकृत मितिः २०७५ असार १० गते

**प्रस्तावना:** बुढीनन्दा नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बुढीनन्दा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " बुढीनन्दा नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्च समेत गरी जम्मा रकम रु. ३३,८५,८३,०००। (अक्षेरुपी तेत्तीस करोड पचासी लाख त्रियासी हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बुढीनन्दा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा कुनै शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) उपदफा (२) कनै आयोजना वा कार्यक्रमका लागी प्रदेश सरकार वा संघिय सरकार वा अन्य निकायबाट बजेटको ब्यबस्था हुने भएमा यस ऐन बमोजिम विनियोजन भएको योजना तथा कार्यक्रममा विनियोजित रकम आवश्यक्ता अनुसार पुरै वा आंशिक रकमान्तर गरि नयां योजना तथा कार्यक्रममा खर्च गर्न सक्नेछ । यसरि खर्च गर्दा चालु आर्थिक बर्षको लागी कार्यपालिकाले २०७४ चैत्र मसान्त सम्ममा नयां योजना तथा संसोधित कार्यक्रम बनाई कार्यान्वयन शुरु गरि सक्नु पर्ने सक्नेछ ।

(४) संघिय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट शर्शत रुपमा बजेट सहित कार्यान्वयनका लागी हस्तान्तरण वा सञ्चालनका लागी प्राप्त हुने कार्यक्रम यसै विनियोजन ऐनमा समावेश भएको आयोजना तथा कार्यक्रमकै रुपमा संचालन गर्न सकिने छ । तर बहुबर्षिय आयोजना बाहेक असार १५ गते भन्दा पछि सम्पन्न हुने गरि कुनै पनी योजना तथा कार्यक्रमको सम्झौत गर्न सकिने छैन ।